नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ | अंक ५३ | २०७८ साल असोज १ गते शुक्रबार (17 Sep. 2021 Friday) | मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

**लागूऔषध रहित परिवार: स्वस्थ जीवनको आधार**

लागूऔषधले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ । लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्री वितरण तथा सेवन कानूनत: दण्डनीय छ । गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरूलाई पनि लाग्न नदिऔं । स्वस्थ र सुखी परिवारको लागि लागूऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : प्रदेश नं १ को ... ३ पृष्ठमा : वायुसेवा निगम अस्तव्यस्त: ... ३ पृष्ठमा अफगानिस्तानबाट ६ लाख ३४ ...

## कारागारको जग्गा अतिक्रमण हुँदा सुरक्षा चुनौती थपिए




**दैनिक समाचारदाता**
**राजविराज, ३१ भदौं ।**

राजविराज कारागारको जग्गा अतिक्रमण हुँदा सुरक्षा चुनौती थपिएको छ ।

राजविराज कारागारको अवस्था तथा कैदी बन्दीहरुको समस्या बुझ्न बिहीबार कारागार पुगेकी प्रदेश २ की आन्तरिक मामिला तथा संचार राज्य मन्त्री रुबी कर्णलाई कारागार प्रशासनले सो समस्या बताएको हो ।

कारागार कार्यालय सप्तरीको दुई विगहा ८ कठ्ठ १६ धुर क्षेत्रफल जमिन कारागारको नाममा रहेपनि १ विगहा १ कठ्ठ ९ धुर जग्गा अतिक्रमणमा परेकाले सुरक्षा चुनौती बढ्दै गएको कारागारका जेलर सुमन कोइरालाले राज्य मन्त्री कर्णलाई जानकारी दिएका छन् ।

उनले कारागार स्वामित्वकै जग्गामा चारैतिर मानिसले अतिक्रमण गरि घर बनाएको कारण सुरक्षा चुनौती थप पेचिलो बनेको बताए । उनले जिर्ण भवनको सानोतिनो मर्मत गर्न, खाद्यान्न, औषधी, खानेपानीका उपकरण लगायतका विभिन्न काममा भएको खर्चले लाखौं रुपैया कारागारले विभिन्न व्यापारी तथा फर्मलाई भुक्तानी दिनुपर्ने बाँकी रहेको समेत बताए ।

सरकारबाट उपलब्ध गराइएको बजेटबाट अपुग भएका कारण विभिन्न शिर्षकमा लाखौं रुँपैया कारागारमाथी ऋणै रहेको उनले राज्य मन्त्री कर्णलाई जानकारी गराए ।

यता तीन वटा ब्लक गरि एक सय २५ कैदी बन्दी राख्ने क्षमता रहेको उक्त कारागारमा हाल ३ सय ६७ कैदी बन्दी कोचाकोच गरि राखिएकोमा तिनीहरुका लागि ७ वटा मात्र शौचालय रहेका छन् ।

सोही क्रममा कारागार भित्र रहेका ट्युबेलको घरमा पिउने पानी भर्ने, नुहाउने र लुगाधुने लगायतका काम गर्नुपर्ने भएकाले त्यहा पनि लाइन बस्नुको विकल्प नरहेको कैदी बन्दीहरुको गुनासो थियो ।

यता अति नै पुरानो भवन रहेका कारण जिर्ण यस कारागारमा पानी चुहिने समेत समस्या वर्षौ अघिदेखी रहेको छ भने सिसि क्यामरा र जेनरेटर नहुँदा सुरक्षा जोखिम समेत बढेको कारागार प्रशासनको भनाई छ ।

यस्तै जेलर कोइरालाले कारागारका दुई सुरक्षा पोष्ट र चामल राख्ने गोदाम कुनै बेला पनि भत्किने अवस्थामा रहेको बारे मन्त्री कर्णलाई ध्यानाकर्षण गराए ।

राज्यमन्त्री कर्णले प्रदेश २ अन्तरगतका ६ वटा कारागारको अवस्था सुधारका लागि प्रदेश सरकारले प्रयास थालेको र यसै क्रममा कारागारको अवस्था बुझ्नका लागि राजविराजबाटै सुरुवात गरेको बताईन ।

## सहिद स्तम्भ तथा जेष्ठ नागरिक भवन हस्तान्तरण




**दैनिक समाचारदाता**
**राजविराज, ३१ भदौं ।**

शहरी बिकास तथा भवन कार्यालयले मलेठमा सहिद स्तम्भ तथा जेष्ठ नागरिक भवन राजबिराज नगरपालिकालाई हस्तान्तरण गरेको छ ।

बिहिवार एक कार्यक्रम बिच प्रदेश सभा सदस्य मनिष कुमार सुमन तथा राजबिराजका नगरप्रमुख शम्भु प्रसाद यादबको उपस्थितिमा भवन हस्तान्तरण गरिएको हो ।

राजबिराज ९ स्थित मलेठको सहिद स्तम्भको प्रागणमा स्थित

*बाँकी अन्तिम पृष्ठमा*

## नौं बर्ष कैद तोकिएको फरार प्रतिवादी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ३१ भदौं ।**

सप्तरी प्रहरीले अपहरण मुद्दामा ९ वर्ष कैद र जरिवाना तोकिएको फरार एक प्रतिवादीलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा जिल्लाको डाक्नेश्वरी नगरपालिका वडा नं. ७ ब्रहमपुर निवासी ४५ वर्षिय शिव कुमार मण्डल रहेका छन् ।

घटना विवरण अनुसार स्थानिय जसकरण चौधरीको जाहेरीका आधारमा २०६७ माघ १३ गते साबिकको ब्रम्हपुर गाबिस वडा नं. ५ स्थितबाट स्थानिय १३ वर्षिय पुनित चौधरीलाई शिव कुमार मण्डल समेतले अपहरण गरी शरीर बन्धक बनाएको अपहरण शरीरिक बन्धक लिने मुद्दामा सप्तरी जिल्ला अदालतले २०७१ बैशाख ३ गतेको ९ बर्ष कैद र १ लाख ५३ हजार १ सय ३३ रुँपैया जरिवानाको फैसला गरेको थियो ।

अदालतको फैसलापछि फरार रहेका प्रतिवादी मण्डललाई बिहीबार आफ्नै घर गाउँमा लुकीछिपी बसेको अबस्थामा पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यता पक्राउ परेको मण्डललाई सप्तरी जिल्ला अदालतमा उपस्थित गराई कैद भुक्तानको लागी राजविराज कारागार चलान गरे प्रहरीले जनाएको छ ।

**सूचना ! ॐ सूचना !!!**

राजविराज नगरपालिका वडा नं. १ हाल ७ स्थित ऐतिहासिक महत्वको रूपमा रहेको श्री हरिनन्देश्वर महादेव मन्दिरको धार्मिक सदवर्त कायम राख्दै दैनिक पूजा अर्चना एवम् संरक्षण सम्वर्द्धन तथा व्यवस्थापनको कार्य अघि बढाउन आवश्यक छलफल एवम् निर्णय गर्न परेकोले सम्पूर्ण हिन्दूधर्मावलम्वी, समाजसेवी, बुद्धिजिवी, नागरिक समाज एवम् नगरवासीमा उपस्थितिको लागि अनुरोध गर्दछु ।



**स्थान :** राजविराज न.पा. वडा नं. ७ को कार्यालय
**समय :** विहान ८:४५ बजे
**मिति :** २०७८/०६/०२ गते शनिबार

**भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।**

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

फारम बितरण मिति : २०७८/५/२ गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०७८/६/४

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५२१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

## सम्पादकीय ....

# विश्वकर्मा झैं साझा बनौं

आज विश्वकर्मा पूजा । प्रत्येक बर्ष असोज १ गतेका दिन फलाम, धातुलगायतले निर्मित यन्त्र तथा यातायातका साधनहरुलाई पुजाआजा गरि भगवान विश्वकर्माको पूजा गरिन्छ । यस दिन समपूर्ण जातजातीका मानिसहरुले विश्वकर्माको पूजा गर्ने चलन छ । आजका दिन फलामको प्रयोग भएको मेसिन, उद्योग, कलकारखाना, यातायातका साधनलाई सजाएर भव्यतापूर्वक पूजापाठ गरिन्छ । परापूर्वकालमा दैत्यशक्तिबिरुद्ध लड्न देउताहरुलाई बिभिन्न किसिमको मेसिन, हतियार बनाइदिएर सहयोग गर्ने विश्वकर्मालाई फलामे देउताको रुपमा पूजापाठ गरिंदै आएको छ ।

आ-आफ्नो मेसिन, बस, ट्रक, जीप, कार, मोटरसाइकलसहित सम्पूर्ण यातायातका साधनको पूजापाठ गरेपछि विश्वकर्माको पूजापाठ सम्पन्न भएको विश्वास गरिन्छ । अधिकांश उद्योग, कलकारखाना तथा ग्यारेजहरुमा भगवान विश्वकर्माको माटोको प्रतिक मूर्ती ल्याएर पूजा गर्ने गरिन्छ । यस दिन आ-आफ्नो साधन, सवारी, मेसिन र पार्टपूर्जाको पूजापाठ गर्नाले कुनै दुर्घटना नहुने र यी सामग्रीहरुबाट धोका नपाइने विश्वास गरिन्छ ।

तसर्थ कुनै पनि धर्म, संस्कृतीको जगेर्ना गर्नका लागि सम्पूर्ण व्यक्तिले दायित्व निर्वाहा गर्नुका साथै भगवान विश्वकर्मा झैं साझा बन्नु पनि उत्तिकै आवश्यक छ ।

# प्रदेश नं १ को नामाकरणमा अन्योल

विराटनगर, ३१ भदौ (रासस) ।

अङ्कगणतीय नामबाट कामकाज भइरहेको प्रदेश नं १ को नाम आठौं अधिवेशनमा पुग्दा पनि टुङ्गो लगाउन कठिन भएको छ । 'नेपालको संविधान-२०७२' जारी भइसकेपछि कतिपय स्थानमा प्रदेश तथा स्थानीय तहको नाम राजनीतिक सहमतिमा दलहरूले पहिले नै टुङ्गो लगाइसकेका छन् ।

नामाकरणका लागि प्रदेशमा सहभागी दलको दुईतिहाइ बहुमत आवश्यक पर्नेमा हालसम्म सो मत पुऱ्याउन नसकेकाले समस्या खडकिएको हो । प्रदेशको नाम पहिचानको आधारमा गरिनुपर्नेमा सबैको जोड छ । अहिले अल्पमतमा रहेकाले सरकारलाई पनि नामाकरणमा समस्या देखिएको छ । पाँचौं अधिवेशनमै प्रदेशको नाम छिनोफानो गर्न दुईतिहाइको सरकारले उपयोग गर्न सकेन । नामाकरण गर्दा पहिचान देखिने र द्वन्द्व नहुने किसिमको हुनुपर्नेमा प्रदेशसभा सदस्यको भनाइ छ । तेस्रो अधिवेशनले २०७५ वैशाख २३ गते प्रदेशको राजधानी विराटनगरलाई कायम गरेको थियो ।

विसं २०७५ वैशाख १९ गते बसेको बैठकमा प्रदेशको स्थायी राजधानी र नामाकरणका लागि प्रस्ताव पेश गरिएकामा चार दिनपछि विराटनगरलाई राजधानी कायम गर्न सफल भए पनि नामाकरण गर्न भने सकेको थिएन । संविधानले सातवटा प्रदेशसहितको सङ्घीयता लागू गरेकामा प्रदेश नं १ र प्रदेश नं २ को मात्र नामकरण हुन सकेको छैन । प्रदेश नं १ को सरकारले पाँचौं अधिवेशनमै नामाकरण गरिसक्ने तयारीमा जुटेको थियो । यसका लागि मुख्यमन्त्री शेरधन राईको सरकारले अन्तिम समयसम्म विभिन्न राजनीतिक दलसँग छलफल गरे पनि निष्कर्षमा पुग्न सकेन । प्रदेश सरकारले सबैको अपनत्व हुने र सबैले शिरोधार्य गर्नसक्ने खालको नामको खोजीमा नै धेरै समय बिताए पनि अहिले नामकरण गर्न झन कठिन देखिएको छ ।

गठबन्धनको सरकार बन्ने कि एकल सरकार बन्नेमा पनि अन्योल नै छ । अहिले नेकपा (एमाले) संसदीय दलका नेता भीम आचार्यको नेतृत्वमा सरकार बने पनि नेकपा (एकीकृत समाजवादी)का १० सदस्यले समर्थन फिर्ता लिइसकेकाले उहाँसँग सभामुखसहित ४१ मात्र सदस्य छ । बयाननब्बे सदस्य रहेको प्रदेशसभामा अहिले नेकपा एमालेपछि दोस्रो ठूलो दल नेपाली कांग्रेस बनेको छ । प्रदेशको नामाकरणका लागि सबै दलको साथ, समर्थन र सहयोग आवश्यक हुन्छ । प्रदेशसभा संसद् र दलको अवस्था प्रदेशसभामा (नेकपा एमाले) ४१, नेपाली कांग्रेस २१, नेकपा (एकीकृत समाजवादी) १०, नेकपा माओवादी केन्द्र १५, जनता समाजवादी पार्टी नेपाल तीन, राष्ट्रिय प्रजातन्त्र पार्टी एक र संयुक्त लोकतान्त्रिक राष्ट्रियमञ्चका तर्फबाट एक सांसदले प्रतिनिधित्व गरिरहेका छन् ।

आर्थिक, सामाजिक, राजनीतिक र बहुसँस्कृतिको विविधता रहेको यस प्रदेशमा नदी, पहाड, भूगोल वा जातीय पहिचानलाई समेटेर नामाकरण गर्नुपर्ने भएको छ । चौध जिल्ला, १३७ स्थानीय तह रहेको यस प्रदेशमा पहाडी र हिमाली जिल्ला ११ र तराईका तीन जिल्ला छ । नामाकरणका लागि विश्वको सर्वोच्च शिखर सगमाथा, कोशी नदी, नेपाल भारतको सीमासँग जोडिएको मेची नदी, र धार्मिक हिसाबले हलेसी महादेव तथा पाथीभरा माईलाई लिन सकिन्छ ।

जातीय दृष्टिले बाहुन, क्षेत्री, खस, थारु, राई-लिम्बू, राजवंशी, अल्पसङ्ख्यक मुस्लिम, यादवजस्ता जातजाति छन् । यसैगरी धार्मिक हिसाबले क्रमशः हिन्दू बौद्ध र इस्लाम धर्मावलम्बीको बसोबास देखिन्छ ।

नेपाली कांग्रेस प्रदेश नं १ संसदीय दलका नेता राजीव कोइरालाले प्रदेशको नाममा अहिले कुनै छलफल नभएको तर पहिचान देखिने र द्वन्द्व मेटिने किसिमको नाम हुनुपर्नेमा जोड दिनुभयो । मोफसलका वरिष्ठ पत्रकार यज्ञ शर्माले राजधानी कोशी राखिए प्रदेशको पहिचान र गरिमा अझ बढ्नसक्ने धारणा व्यक्त गर्नुभयो ।

जनता समाजवादी पार्टी नेपाल संसदीय दलका नेता जयराम यादवले प्रदेशको नाम पहिचानबाट हुनुपर्ने आवश्यकता औंल्याउनुभयो । उहाँले विगतमा दुई तिहाइ बहुमतको सरकारले नामका लागि प्रस्ताव संसद्मा पेश गर्न नसकेको र अहिले ठूलो पार्टी नै फुटेकाले नामाकरण गर्न समस्या देखिएको छ भन्नुभयो ।स्थानीय उद्योगी राजेन्द्र राउतले राजनीतिक हिसाबलेभन्दा पनि सहजरूपले परिचय दिनसक्ने नाम भएमा सबैले स्वीकार गर्ने धारणा व्यक्त गर्नुभयो ।

# रु २० अर्बको रिपो जारी गर्दै राष्ट्र बैंक

काठमाडौँ, ३१ भदौ (रासस) ।

नेपाल राष्ट्र बैकले रु २० अर्ब बराबरको रिपो जारी गर्ने भएको छ । बैंक तथा वित्तीय प्रणालीमा लगानीयोग्य रकमको अभाव देखिन थालेपछि बैंकले बिहीबारदेखि अल्पकालीन अवधिको रिपो जारी गर्न लागेको हो ।

बैकिङ प्रणालीमा न्यून तरलताको अवस्था देखिएमा बैंकले अल्पकालीन अवधिको तरलता प्रवाह गर्न रिपो जारी गर्छ । हाल बजारमा लगानीयोग्य रकमको अभाव देखिन थालेकाले बैकले १४ दिनको रिपो जारी गर्न लागेको हो । असोज १४ गते परिपक्व हुने रिपो बोलकबोलमार्फत क,ख र ग वर्गका बैंक तथा वित्तीय संस्थाले अनलाइन बिडिङमार्फत खरीद गर्न सक्नेछन् ।

यसअघि बैकल भदौ २४ मा १४ दिनको रु ३० अर्ब र १७ गते सात दिनको रु २० अर्ब रिपोमार्फत बजारमा रकम उपलब्ध गराएको थियो । तरलता अभावमा बैंक तथा वित्तीय संस्थाले अन्तरबैंक सापटी, बैकबाट स्थायी तरलता सुविधा (एसएलएफ) र रिपो सुविधाको प्रयोग गर्छन् ।

बैंकको तथ्याङ्कानुसार बैंक तथा वित्तीय संस्थाले चालु आवमा बुधबारसम्ममा रु तीन खर्ब ४४ अर्ब ४० करोड एसएलएफमार्फत उठाएको देखिन्छ । बैंक तथा वित्तीय संस्थाले अन्तरबैंक सापटी पाउन छाडेका छन् । तरलता अभावको कारण देखाउँदै बैंकहरूले निक्षेपको ब्याज बढाउने देखिन्छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी

Dr. Ranjana Giri

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

Infertility Specialist (Consultant IVF)

NMC No. : 10635

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569



# वायुसेवा निगम अस्तव्यस्त: ७८ दिनदेखि आन्दोलन, दैनिक कार्य प्रभावित

काठमाडौं, ३१ भदौ (रासस)।

देशकै अस्तित्व र पहिचानसँग जोडिएको राष्ट्रिय ध्वजाबाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) दुई महिना बढी समयदेखि अस्तव्यस्त छ। ऋण्डै ५० अर्ब ऋणभारको सामना गरिरहेको निगमको व्यवसायिक योजनाका साथ व्यापार प्रवर्द्धन तथा गन्तव्य विस्तारमा लाग्नुपर्ने बेला ठिक उल्टो गतिको यात्रा निगमका लागि नियति बनेको छ।

निगमलाई निजीकरण गर्न लागिएको भन्दै निगमभित्रका कर्मचारीका ट्रेड युनियनहरूले आन्दोलन गर्दै आएका छन्। उनीहरूलाई अन्य विभिन्न संस्था तथा निकायका कर्मचारी सङ्घ सङ्गठनहरूले पनि साथ दिएका छन्। कर्मचारीले दैनिक बिहान १० देखि दिउँसो १:०० बजेसम्म धर्ना दिँदै आएका छन्। कर्मचारीको आन्दोलनका कारण निगमको प्रशासनिक काम अवरोध पुगेको छ। यसै पनि कोभिड-१९ महामारीको चपेटामा परेको निगमभित्र पछिल्लो अवस्थाले संस्थाको अवस्था कमजोर बन्दै गएको देखिएको छ।

निगमको भद्रगोल अवस्थाले अन्तर्राष्ट्रियरूपमा पनि नकारात्मक सन्देश प्रवाह भइरहेको छ। निगमका एक पूर्व उच्च अधिकारीले संस्थाभित्र दुई महिनादेखि आन्दोलन हुनुले संस्थाको छविलाई बिगार्न सक्ने खतरा औँल्याउनुभयो। "राष्ट्रियरूपमै पनि नराम्रो सन्देश गएको छ, यो अवस्था लम्बिनु राष्ट्रिय ध्वजाबाहकका लागि राम्रो होइन। हुन त उडान सेवामा कुनै असर परेको छैन, आन्तरिकरूपमा अवरोध मात्रै हो", उहाँले भन्नुभयो।

निगमका बहालवाला एक उच्च अधिकारीका अनुसार कर्मचारीको आन्दोलनले दैनिक प्रशासनिक कामदेखि दीर्घकालीन नीति निर्माणका काममा अवरोध सिर्जना भएको छ। निगमको काम प्रभावित बनेको छ। निगमका महाप्रबन्धक डिमप्रकाश पौडेल दुई महिनादेखि कार्यालय पुग्न सक्नुभएको छैन। निगमभित्र चलिरहेको आन्दोलनले खासगरी कर्मचारीको तलब भुक्तानी, अनलाइन टिकेटिङ, जहाजका दीर्घकालीनरूपमा गर्नुपर्ने मर्मतसम्भारका काम, महालेखा परीक्षकको प्रतिवेदनउपर छलफल, बजार प्रवर्द्धनसम्बन्धी अन्य काम प्रभावित भएको ती उच्च अधिकारीको भनाइ छ।

निगमलाई निजीकरण गर्नका लागि कम्पनीको प्रबन्धपत्र तथा नियमावलीसमेत बनाइसकेको र निगमलाई बेच्न लागिएको भन्दै कर्मचारीहरू निरन्तर आन्दोलित छन्। निजीकरण गर्ने निर्णय फिर्ता लिनुपर्ने तथा निगमका पदाधिकारीको राजीनामाको मागसमेत गर्दै निगममा क्रियाशील ट्रेड युनियनहरू आन्दोलित भएका हुन्। निगमभित्रका तीन ट्रेडयुनियन नेपाल वायुसेवा निगम कर्मचारी युनियन, नेपाल वायुसेवा कर्मचारी सङ्घ र नेपाल राष्ट्रिय कर्मचारी सङ्गठनले गत असार १८ गतेदेखि संयुक्तरूपमा निगम केन्द्रीय कार्यालयमा सङ्घर्षका कार्यक्रम सुरु गरेका थिए। आन्दोलनरत ट्रेड युनियनहरूलाई अन्य विभिन्न सङ्घसंस्था तथा निकायका कर्मचारी सङ्घ, सङ्गठनले पनि साथ दिएका छन्।

निगमलाई निजीकरण गर्ने प्रयोजनका लागि बनाइएको प्रबन्ध पत्र तथा नियमावली खारेजलगायत चार बुँदे मागसहित उनीहरू निरन्तर आन्दोलनरत छन्। यता तालुक संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय दुई महिना बढी समयदेखि मन्त्रीविहीन छ। मन्त्रालयको नेतृत्व नहुँदा निगमलगायत अन्य मातहत निकायमा पनि नीतिगत काममा ढिलासुस्ती भएको छ।

निगम राष्ट्रिय कर्मचारी सङ्गठनका अध्यक्ष राजु श्रेष्ठले कर्मचारीसँग छलफल नै नगरी निगमलाई निजीकरणका लागि पठाएको प्रबन्धपत्र र नियमावली बनाएको भन्दै यो खारेज नभएसम्म सङ्घर्षका कार्यक्रम नरोकिने बताउनुभयो।

निगम उच्च व्यवस्थापनले कर्मचारीसँग छलफल नगरी निगमलाई निजीकरणको प्रक्रिया थालेको उहाँको आरोप छ। कर्मचारीको आन्दोलनका कारण निगमका महाप्रबन्धक डिमप्रकाश पौडेल पनि कार्यालय पुगेर नियमित काम गर्न पाउनुभएको छैन। निगमको केन्द्रीय कार्यालयमा आन्दोलन चले पनि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भूमिस्थ प्रबन्ध (ग्राउण्ड ह्यान्डलिङ) सेवामा कुनै अवरोध नभएको निगमले जनाएको छ।

समस्याको निकासका लागि यसबीचमा निगमका कर्मचारी सङ्गठनसँग पर्यटन मन्त्रालयले छलफल गरे पनि कुनै निचोड भने निस्किएको छैन। निगम उच्च व्यवस्थापनले विभागीय मन्त्री नभएसम्म समस्याको समाधान गर्न नसकिने जवाफ दिएको छ। मन्त्रालयका सचिवसँगको छलफलमा कर्मचारीका जायज माग रहे पनि आन्दोलन छाडेर वार्ताको माध्यमबाट समस्या हल गर्न आग्रह गरेको थियो तर कर्मचारीले आफ्ना धर्ना कार्यक्रम निरन्तर जारी राखेका छन्।

पर्यटन मन्त्रालयका प्रवक्ता तारानाथ अधिकारीले निगको समस्या कसरी सम्बोधन गर्न सकिन्छ भनेर बिहीबारे अपराह्न निगमका कर्मचारीसँग छलफल गरिने बताउनुभयो। उहाँले भन्नुभयो, "हामीले बिहीबारे ३:०० बजे निगमका कर्मचारी ट्रेड युनियनलाई छलफलका लागि मन्त्रालयमा बोलाएका छौँ, निगमको समस्यालाई कसरी सम्बोधन गर्ने भन्नेबारे परामर्श गर्छौं।" निगममा ९८६ स्थायीसहित हाल एक हजार २०० भन्दा बढी कर्मचारी कार्यरत छन्।




## विश्व समाचार

### अफगानिस्तानबाट ६ लाख ३४ हजार अफगानी विस्थापित

काबुल, ३१ भदौ (रासस/सिन्ह्वा)।

अफगानिस्तानबाट यस वर्ष सन् २०२१ को अहिलेसम्ममा छ लाख ३४ हजारभन्दा बढी विस्थापित भएका छन्।

यो सङ्ख्या देशभित्र मात्रै विस्थापित भएका अफगानीको भएको सरकारी अधिकारीले बिहीबार जानकारी दिएका छन्।

यही सेप्टेम्बर १२ सम्मको विवरणअनुसार कुल छ लाख ३४ हजार ८०० भन्दा बढी विस्थापित भएको देखिएको छ।

विस्थापित भएका मध्ये दुई लाख ८२ हजार २४६ जनालाई विभिन्न सहयोग पनि प्रदान गरिएको अधिकारीले जनाएका छन्।

देशमा भइरहेको आन्तरिक द्वन्द्वका कारण उनीहरु विस्थापित भएको जनाइएको छ। तालिबान विद्रोहीले सत्ता कब्जा गरेपछि देशभन्दा बाहिर विस्थापित भएकाको सङ्ख्यामा पनि एकाएक वृद्धि भएको पाइएको छ। देश बाहिर विस्थापित भएका मध्ये विदेशी नागरिकको सङ्ख्या धेरै रहेको सरकारी अधिकारीको भनाइ छ।

विस्थापित भएका मध्ये २८ हजारभन्दा बढी प्राकृतिक प्रकोपका कारण विस्थापित भएका पाइएको छ। अफगानिस्तानमा विस्थापित भएका र सङ्कटमा परेकालाई सहयोग गर्न संयुक्त राष्ट्रसङ्घले सबैलाई आह्वान पनि गरेको छ।

अफगानिस्तानलाई दिने भनी प्रतिबद्धता व्यक्त गरेको मानवीय सहायतास्वरुपको रकम छिटो उपलब्ध गराउन राष्ट्रसङ्घले विदेशी समुदायलाई आग्रह गरेको हो।

संयुक्त राष्ट्रसङ्घको पहलमा हालै भएको एक सम्मेलनका क्रममा विश्वका कतिपय देशले अफगानिस्तानलाई मानवीय सहायतास्वरुप भन्दै रकम उपलब्ध गराउने बताएका थिए।

ती देशले कम्तीमा पनि एक अर्ब दुई करोड अमेरिकी डलर सहयोग स्वरुप उपलब्ध गराउने ती देशले जनाएका थिए। त्यस क्रममा उनीहरुले तत्कालका लागि यति रकम दिने बताएका थिए।

संयुक्त राष्ट्रसङ्घले भने अफगानिस्तानको अवस्था निकै नाजुक बन्दै गएको भन्दै प्रतिबद्धता व्यक्त गरिएको सो रकम तत्कालै उपलब्ध गराउन भनेको छ।

अफगानिस्तानको आर्थिक अवस्था नराम्रोसँग बिग्रिएको र ठूलो मानवीय सङ्कट आउन लागेकोले सहयोगको आवश्यक परेको राष्ट्रसङ्घले जनाएको छ।

हालै जेनेभामा भएको एक सम्मेलनमा संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले सो विषयमा विश्वको ध्यानाकर्षण गराउनुभएको बताइएको थियो। सोमवार जेनेभामा आयोजित एउटा सम्मेलनमा अन्तरराष्ट्रिय दातासँग संयुक्त राष्ट्रसङ्घका महासचिव गुटेरेसले सहयोगको आह्वान गर्नुभएको हो।

उहाँले अहिले नै अफगानिस्तानमा खाना र महिला तथा बालबालिकाको स्वास्थ्यमा गम्भीर असर पर्न लागेको भन्दै सो रकमको आवश्यकता परेको बताउनुभएको थियो।

गत महिना सशस्त्र विद्रोहमार्फत् अफगानिस्तानको सत्ता तालिबानीले हातमा लिएका थिए। त्यसयता वैदेशिक सहायता पनि ठप्प भएको छ।

अफगानिस्तानका नागरिकलाई तत्कालै खाना, औषधि, स्वास्थ्य सेवा तथा पछिल्लो समयमा सुरक्षित पिउने पानीको पनि समस्या रहेको संयुक्त राष्ट्रसङ्घले जनाएको छ।

### सिरियामा तत्कालै मानवीय सहायताको खाँचो छ : राष्ट्रसंघ

संयुक्त राष्ट्रसङ्घ, ३१ भदौ (रासस/सिन्ह्वा)।

संयुक्त राष्ट्रसङ्घले सिरियाको उत्तरपश्चिमी क्षेत्रका लाखौं नागरिकलाई मानवीय सहायताको आवश्यकता परेको जनाएको छ। संयुक्त राष्ट्रसङ्घका मानवीय सहायतासम्बन्धी एजेन्सीका प्रमुख मार्टिन गिरिफिथले सिरियामा तत्कालै मानवीय सहायता आवश्यक रहेको बताउनुभएको हो।

सिरियाली ती क्षेत्रका मानिसलाई अहिले खाना, औषधि तथा अन्य आधारभूत तथा अत्यावश्यकताका सामग्रीको खाँचो रहेको कुरा गिरिफिथले संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषदमा बताउनुभएको हो। यस अघिदेखि नै संयुक्त राष्ट्रसङ्घका मानवीय सहायतासम्बन्धी निकायका अधिकारीले सिरियाको उत्तरपश्चिमी क्षेत्रमा बसोबास गरिरहेका ३४ लाख नागरिकमध्ये ९० प्रतिशतलाई मानवीय सहायताको खाँचो रहेको बताउँदै आएका थिए।

बुधबार संयुक्त राष्ट्रसङ्घमा ब्रिफिङका क्रममा सहयता प्रमुख गिरिफिथले यहाँ एक करोड १३ लाख मानिसमा यस्तो सहायता चाहिएको बताउनुभएको हो। ती नागरिक सिरियामा करिब एक दशकको समयमा द्वन्द्वको चपेटामा परेका छन्। जसका कारणले अहिले आएर आर्थिक सङ्कट थपिएको छ। उनीहरु खाना र बासकै समस्यामा परेका बताइएको छ।

ती क्षेत्र बढी मात्रामा द्वन्द्वग्रस्त क्षेत्र पनि भएकोले गर्दा सरकारले पनि सहायता सामग्री पुऱ्याउन सकिरहेको छैन। संयुक्त राष्ट्रसङ्घका अधिकारीले पछिल्लो समयमा त्यहाँ कोभिडको पनि समस्या उत्पन्न भएको छ। सिरियामा सन् २०११ देखि नै राष्ट्रपति असदका विरुद्धमा जनआन्दोलन चर्किएको थियो। सिरिया लामो समयदेखि हिंसा जारी छ। यहाँका लाखौं नागरिक यस हिंसाका कारण विस्थापित पनि हुन पुगेका छन्। साथै चार लाखभन्दा पनि बढी नागरिकले ज्यान गुमाउनु परेको बताइएको छ।

# अखिल क्रान्तिकारीको जिल्ला सम्मेलन सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, ३१ भदौं ।**

अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विधार्थी यूनियन (क्रान्तिकारी) को छैठौ जिल्ला सम्मेलन बिहीबार सम्पन्न भएको छ ।

जिल्ला संयोजक रंजित मंडलको अध्यक्षता तथा अखिल ( क्रान्तिकारी) का केन्द्रिय उपाध्यक्ष रवि किरण यादवको प्रमुख आतिथ्यमा सम्मेलन सम्पन्न भएको हो ।

जिल्ला सम्मेलनवाट रञ्चित मण्डलको अध्यक्षतामा ५१ सदस्यीय अखिल (क्रान्तिकारी) जिल्ला समिती सर्वसम्मतिबाट चयन भएको छ । सो समितीको उपाध्यक्षमा राधेश्याम यादव, हिमान्शु साह लगायत रहेका छन् ।

यसअघि आयोजित सम्मेलनमा प्रमुख आतिथी यादवले अखिल (क्रान्तिकारी) को रक्तनिजत झण्डालाई सदैव उच्च राख्न बिद्यार्थीहरुसग आहवान गरे । अखिल (क्रान्तिकारी)को विगतको इतिहासलाई कायम राख्न आ-आफेनो ठाउँवाट भुमिका खेल्नु पर्नेमा जोड समेत दिए ।

सो अवसरमा नेकपा ( माओवादी केन्द्र) का केन्द्रिय सदस्य तथा जिल्ला ईन्चार्ज अशोक कुमार मण्डल (अमर), अखिल ( क्रान्तिकारी) का प्रदेश सहसंयोजक विश्वमणी थापा, प्रदेश २ का प्रदेश समिति सदस्यहरु अरुण कुमार साह, छेदी रजक, अखिल (क्रान्तिकारी) केन्द्रिय सदस्य तथा सप्तरी जिल्ला इन्चार्ज जयप्रकाश यादव, जिसस तथा राजविराज नपाका अध्यक्ष रामगमन साह, जिसस तथा छिन्नमस्ता गापा अध्यक्ष जय प्रकाश यादव, अखिल ( क्रान्तिकारी) का जिल्ला सदस्य राधेश्याम यादवलगायतले शुभकामना मन्तव्य दिएका थिए ।

# बोक्सी भन्दै महिलामाथि कुटपिट

**दैनिक समाचारदाता**
**सिरहा, ३१ भदौं ।**

बोक्सी भन्दै छिमेकी महिलामाथि कुटपिट गरेको आरोपमा प्रहरीले सिरहा नगरपालिका-१२ सारस्वरबाट एक युवकलाई पक्राउ गरेको छ ।

स्थानीय ३६ वर्षीया महिलालाई बोक्सी भन्दै कुटपिट गरेको आरोपमा ४५ वर्षीय लखन साहलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

विगत दुई सातादेखि बिरामी आफ्ना नातिनीको उपचार गराउँदा पनि निको नभएको झोकमा साहले छिमेकी ती महिलालाई बोक्सी भन्दै कुटपीट गरेको सुचनाका आधारमा साहलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक सुभाष बुढाथोकीले जानकारी दिए ।

ती महिलाले नै टुनामुना गरेको आफ्नो नातिनीलाई बिरामी बनाएको भन्दै महिलामाथि कुटपिट गरेकाले साहलाई पक्राउ गरिएको प्रहरीको भनाइ छ । घटनाबारे थप अनुसन्धान भइरहेको जनाइएको छ ।

# एक हजार ५११ जनामा संक्रमण पुष्टि

**दैनिक समाचारदाता**
**काठमाडौं, ३१ भदौं ।**

मुलुकभर पछिल्लो २४ घण्टामा १ हजार ५११ जनामा कोरोना संक्रमण पुष्टि भएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा १५ हजार १७९ जनाको आरटी-पीसीआर र एन्टिजेन विधिबाट परीक्षण गर्दा १ सय ५११ जनामा कोरोना संक्रमण पुष्टि भएको हो ।

मन्त्रालयका अनुसार ११ हजार २०८ जनाको आरटी-पीसीआर विधिबाट परीक्षण गर्दा १ सय १६५ जना र ३ हजार ९७१ जनाको एन्टिजेन विधिबाट परीक्षण गर्दा ३ सय ४६ जनामा कोरोना संक्रमण पुष्टि भएको हो । योसँगै नेपालमा कोरोना भाइरस संक्रमितको कुल संख्या ८ लाख ७० हजार १७६ पुगेको छ ।

कोरोना भाइरस ९कोभिड-१९०को संक्रमणबाट पछिल्लो २४ घण्टामा देशभर १ हजार ६८९ जना निको भएर घर फर्किएका छन् ।

योसँगै नेपालमा कोरोना संक्रमणमुक्त हुनेहरुको संख्या ७ लाख ४५ हजार २१५ पुगेको छ । पछिल्लो २४ घण्टामा देशभर १५ हजार १७९ जनाको परीक्षण हुँदा हालसम्म कुल ४५ लाख ९७ हजार ०४७ जनाको पीसीआर-एन्टिजेन परीक्षण भएको छ ।

यसैगरी पछिल्लो २४ घण्टामा थप ११ संक्रमितको मृत्यु भएको छ । हालसम्म नेपालमा कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या ११ हजार २ पुगेको छ ।

## सहिद स्तम्भ ...

दलित भवनको प्रागणमा शहरी बिकास तथा भवन कार्यालय सप्तरी प्रमुख कृष्णदेव झाले वडा अध्यक्ष शम्भु प्रसाद यादब (लाली) लाई हस्तान्तरण गरेका छन ।

सो अवसरमा प्रदेश सभा सदस्य मनिष सुमनले मलेठ घटनामा मारिएका सहिदहरूको सम्झनामा सहिद स्तम्भ निर्माण गरिएको बताए । उनले सुबिधा सम्पन्न सहिद स्तम्भ परिसरमा नगरवासीले मलेठको सहिद स्तम्भ अवलोकन गर्न तथा सहिदको सम्झना हुने उद्देश्यले निर्माण गरिएको बताए ।

यसैगरी सोही वडामा सुबिधा सम्पन्न ५ कोठे जेष्ठ नागरिक आवास भवन निर्माण भई वडा अध्यक्ष शम्भु यादब लालीलाई समेत हस्तान्तरण गरिएको शहरी बिकास तथा भवन कार्यालयका प्रमुख कृष्णदेव झाले जानकारी दिए ।

प्रदेश सभा सदस्य सुमनको पहलमा तथा भवन कार्यालय राजबिराजको अगुवाईमा सहिद स्तम्भ तथा जेष्ठ नागरिक भवन निर्माण भएको हो । प्रदेश सरकार भौतिक पुर्वाधार बिकास मन्त्रालयको सहयोगमा शहरी बिकास तथा भवन कार्यालयले ९२ लाख ६१ हजार ६ सयको लागतमा सहिद स्तम्भ निर्माण गरेको हो ।

यसैगरी ८६ लाख ३४ हजार ६ सय ५२ रूपैयाको लागतमा जेष्ठ नागरिक आवास भवन निर्माण गरिएको शहरी कार्यालय प्रमुख झाले जानकारी दिए ।

# टिपरको ठक्करबाट एक भारतीय नागरिकको मृत्यु

**दैनिक समाचारदाता**
**सुनसरी, ३१ भदौं ।**

सुनसरीको दुहबी नगरपालिका ९ छाताबेलीमा टिपरको ठक्करबाट बुधबार एक भारतीय नागरिकको मृत्यु भएको छ ।

मृत्यु हुनेमा भारत कुचबिहार घर भएका रघुपुल इस्लामको छोरी ९ वर्षीया ममिता इस्लाम रहेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

जयबाबा इँट्टाभट्टाको को १ ख ५४५१ नं को ट्रिफरले सोही इटाभट्टामा कार्यरत इस्लामलाई ठक्कर दिएको थियो ।

टिपरको ठक्करबाट इस्लामको घट्नास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । ट्रिफर र त्यसका चालक धनकुटा शहीदभूमि ४ का ३० वर्षीय हेमराज राईलाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

# पाँच किलो चाँदीसहित दुई पक्राउ

**दैनिक समाचारदाता**
**सिरहा, ३१ भदौं ।**

चाँदीसहित सिरहा प्रहरीले दुई भारतीय युवकलाई पक्राउ गरेको छ । सिरहाको लहानबाट भारततर्फ तस्करी गर्न लगिरहेको करिब पाँच किलो चाँदीसहित प्रहरीले भारतको खुटौना पञ्चायतका रवि महतो र पिन्टु महतोलाई पक्राउ गरेको हो ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक सुभाष बुढाथोकीका अनुसार बुधबार साँझ जाँचका क्रममा भारतीय सीमा क्षेत्र ठाडीबाट चाँदीसहित दुवै जनालाई गरिएको हो ।

पक्राउ परेका दुवैलाई इलाका प्रहरी कार्यालय लहानमा राखिएको र थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।




नेपाल सरकार
विज्ञापन बोर्ड



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
जिल्ला आपतकालिन कार्य संचालन केन्द्र
सप्तरी राजविराज

फोन नं : ०३१ -५२०१७४
DEOC : ०३१-५३३७६२

प.सं. :- ०७८/७९
च.नं.:-

मिति २०७८।०५।३१ गते

**जिल्ला विपद् व्यवस्थापन समिति ससरीको अनुरोध**

आज मिति २०७८ भाद्र ३१ गते बिहिबार देखि आश्विन ०२ गते शनिबारसम्म पुर्व देखि पश्चिम नेपालको पहाडी तथा तराई क्षेत्रमा ठुलो पानी पर्ने सम्भावना छ । हाल मनसुनको न्युन चापिय रेखा नेपालको तराई भु-भाग नजिक रहेकोले अबको ३ दिन भारी वर्षा हुने सम्भावना रहेको जल तथा मौसम विज्ञान बिभागले जनाएको छ ।

बिभागका अनुसार प्रदेश नं.२ का केही स्थानमा मेघ गर्जन/चटयाङ सहित भारी वर्षाको सम्भावना (ससरीका केही स्थानमा समेत) रहेकोले अगामी ३ दिन सम्म ठुला नदी तथा साना सहायक नदिहरुको तल्लो तटीय,होचो तथा डुबान क्षेत्रका बासिन्दाहरु सुरक्षित तथा सतर्क रहन अनुरोध छ ।यस अवधिमा नदीमा नुहाउन जाने,काठ दाउरा छोप्ने,माछा मार्ने जस्ता कार्य नगर्न नगराउनु हुन समेत सबैमा हार्दिक अनुरोध छ ।

बाढी सम्बन्धी थप जानकारीका लागि स्थानिय प्रहरी,एफ.एम.रेडियो तथा जनप्रतिनिधि तथा जिल्ला अपतकालिन कार्य संचालन केन्द्रको टेलिफोन नं.०३१-५३३७६२ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

नाथु साह
सहायक प्रमुख जिल्ला अधिकारी



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit
हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*